# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०९।१८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०९।१८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. सुरेन्द्र खड्का, जीवन आचार्य, भीमबहादुर कुँवर, हिमालयजीवी उपाध्याय र काशीराम शर्मा** (वि.अ. को मु.नं. ०७९-CR-००२४), वि.अ. को फैसला मिति २०८०।०४।२४) | **घटी राजश्व निर्धारण गरी भ्रष्टाचार गरेको।** | **प्रतिवादी सुरेन्द्र खड्काले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कार्य गरी सोही दफामा उल्लेख भए बमोजिम ऐ.ऐ. दफा ३ बमोजिमको कसूरमा निजलाई विगो रू. १७,४०,०६६/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको रू. १७,४०,०६६/- राजश्वको दोब्बर जरिवाना हुन मागदावी लिइएको, **प्रतिवादी जीवन आचार्यले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कार्य गरी सोही दफामा उल्लेख भए बमोजिम ऐ.ऐ. दफा ३ बमोजिमको कसूरमा निजलाई विगो रू. १७,४०,०६६/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको रू. १७,४०,०६६/- राजश्वको दोब्बर जरिवाना हुन मागदावी लिइएको, **प्रतिवादी भीम बहादुर कुँवरले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कार्य गरी सोही दफामा उल्लेख भए बमोजिम ऐ.ऐ. दफा ३ बमोजिमको कसूरमा निजलाई विगो रू. १७,४०,०६६/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको रू. १७,४०,०६६/- राजश्वको दोब्बर जरिवाना हुन मागदावी लिइएको, **प्रतिवादी हिमालयजीवी उपाध्याय**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कार्य गरी सोही दफामा उल्लेख भए बमोजिम ऐ.ऐ. दफा ३ | **फैसलाः**<br>प्रतिवादीहरु **सुरेन्द्र खड्का, जीवन आचार्य, भीमबहादुर कुँवर, हिमालयजीवी उपाध्याय र काशीराम शर्माले** आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०४/२४ गते फैसला भएको।<br>**विशेष अदालतले प्रतिवादीहरुलाई सफाई दिदा लिएका आधारः**<br>- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को नेपाल सरकारको आर्थिक ऐन, २०७५ मिति २०७५/३/३२ बाट संशोधित भै खारेज भएकोले प्रदेश सरकारले तोकेको करको दर लागू हुने नदेखिई बागलुङ नगरपालिका आर्थिक ऐन, २०७५ ले तोके बमोजिमको दररेट अनुसार ठेक्काको काम कारबाही भएकोलाई कानूनको अधिनमा रही कर निर्धारण गरेको देखियो। प्रचलित कानूनले स्थानीय तहको करको दर तोक्ने र जारी गर्ने अधिकार निर्वाचित प्रतिनिधिमा रहने कुरालाई ऐनले स्वीकारेको र नगर सभाले करको दर तोकि ऐनमा गरेको व्यवस्थाको विषयलाई प्रतिवादीहरुबाट व्यक्तिगत रुपमा संचालन हेरफेर वा त्यसलाई पालना गर्नबाट पन्छिन मिल्ने देखिँदैन। बागलुङ नगरपालिका आर्थिक ऐन, २०७५ ले तोके बमोजिमको दररेट अनुसार ठेक्काको काम कारवाही भएको देखिन आउँदा आरोपदावी बमोजिम प्रतिवादीहरुले कसूर गरेको ठहर्न आएन। प्रस्तुत विवादको जरिया कानूनी प्रश्नसँग सम्बन्धित देखिएको र कानूनी प्रश्नको निरोपण भै आरोपदावी कानून अनुकूल रहेको नपाँइदा आरोपदावीका अन्य विषयमा प्रवेश गरिरहन परेन।<br>- नेपाल सरकारको आरोपदावी मिसिल प्रमाणबाट बस्तुनिष्ट रुपमा पुष्टी हुन सकेको नदेखिँदा प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। | क. नेपालको संविधानको भाग १३ देखी १६ सम्म क्रमशः प्रदेश कार्यपालिका, प्रदेश व्यवस्थापिका, प्रदेश व्यवस्थापन कार्यबिधि र प्रदेश आर्थिक कार्यप्रणालीको व्यवस्था गरेको। नेपालको संविधानको धारा ५९ ले आर्थिक अधिकारको प्रयोगमा संघ, प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, निती तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन् भनी व्यवस्था गरेको छ साथै नेपालको संविधानको धारा २१३ मा आर्थिक कार्यविधी सम्बन्धी ऐनमा प्रदेश ऐन बमोजिम बिनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यबिधी सम्बन्धी अन्य व्यवस्था प्रदेश ऐन बमोजिम हुनेछ भनी प्राबधान रहेको देखिन्छ साथै नेपालको संविधानको अनुसुची-९ मा संघ, प्रदेश र स्थानिय तहको अधिकारको साझा सुची को क्र.स १४ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी भनी प्रावधान गरेको देखिएबाट प्रदेश सरकारले आफ्नो प्रदेश भित्र छुट्टै ऐन बनाई रोयल्टी उठाउन पाउने आधिकार संविधानले प्रदान गरेको देखिन्छ। गण्डकी प्रदेशले नेपालको संविधान बमोजिम गण्डकी प्रदेशले साउन १ गते देखी लागु हुने गरी आर्थिक ऐन, २०७५ बनाएको। (प्रदेश राजपत्र खण्ड ०१) पोखरा, असार २७ गते, २०७५ साल (संख्या ०३) आर्थिक ऐन, २०७५ को दफा ८ मा दहत्तर बहत्तर शुल्कको उपदफा (१) मा प्रदेश भित्र अनुसुची ६ बमोजिम रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, चुनढुङ्गा,बालुवा, दहत्तर-बहत्तरको सङ्कलनमा शुल्क लगाई असूल उपर गरिनेछ। उपदाफा (२) मा उपदफा (१) बमोजिम शुल्कको सङ्कलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ भन्ने प्रावधान रहेको देखिन्छ। सोही ऐनको अनुसुची ६ मा रोडा, गिट्टी, गेग्रान, ढुङ्गा, चट्टान, स्लेटको दर(प्रति क्युविक फिट) चार रुपैयाँ निर्धारण गरेको देखिन्छ। नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७५ (लागु हुने मिति २०७५/०४/०१)नेपाल राजपत्रमा खण्ड ६८ असार ३२, २०७५ साल अतिरिक्त १४ को भाग २ मा प्रकाशित भएको र उक्त ऐनको दफा ३४ को उपदफा (३) ले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६४ खारेज गरेता पनि नेपालको संविधानको धारा ५९, २१३ तथा अनुसुची ९ मा रहेको प्रावधान अनुसार प्रदेश सरकारलाई रोयल्टी उठाउने अधिकार रहेकोमा गण्डकी प्रदेशले जारी गरेको आर्थिक ऐन २०७५ खारेज भएको अवस्था नरहेको हुँदा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०७५ को दफा ८ बिपरीत घटी राजश्व निर्धारण गरी नेपाल सरकारलाई हानी नोक्सानी गरेको भन्ने आरोपदावी कानून सम्मत रहेकोमा केवल स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६४ खारेज भएको भन्ने आधारलिई प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटीपुर्ण रहेको।<br>ख. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटको उपदफा(१) मा नेपाल सरकार, प्रदेश र स्थायनीय तहबीच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्ने। उपदफा (२) मा उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसुची-४ बमोजिम बार्षिक रुपमा गर्नेछ। उपदफा (३) मा उपदफा (२) बमोजिम बाँडफाँट भएको रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानिय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानिय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराईनेछ भनी कानूनी व्यवस्था रहेको अवस्थामा गण्डकी प्रदेशले आर्थिक ऐन २०७५ जारी गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिमको कसूरमा निजलाई विगो रू. १७,४०,०६६/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको रू. १७,४०,०६६/- राजश्वको दोब्बर जरिवाना हुन मागदावी लिइएको र **प्रतिवादी काशीराम शर्माले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कार्य गरी सोही दफामा उल्लेख भए बमोजिम ऐ.ऐ. दफा ३ बमोजिमको कसूरमा निजलाई विगो रू. १७,४०,०६६/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको रू. १७,४०,०६६/- राजश्वको दोब्बर जरिवाना हुन मागदाबी लिइएको। | | आर्थिक ऐनको दफा ८ बमोजिम दहत्तर बहत्तर शुल्क निर्धारण गरेको र सोही ऐनको दफा ११ को उपदफा(२) बमोजिम प्रदेश सरकारका कर सङ्कलन गर्ने तथा सेवा प्रदान गर्ने संरचना नबनेसम्म हाल उठाइरहेका निकायहरुबाट यस ऐन बमोजिम एवम् दफा ११ को उपदफा(१) बमोजिमको कर, गैरकर, सेवा शुल्क, दस्तुर सङ्कलन गरी प्रदेश तथा स्थानिय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। राजस्व दाखिला गर्ने सम्बन्धी अन्य व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तोकिए अनुसार हुनेछ भनी कानूनी व्यवस्था रहेको देखिएबाट प्रतिवादीहरुले गण्डकी प्रदेशको आर्थिक ऐन, २०७५ को दफा ८ बिपरीत घटी राजश्व निर्धारण गरी नेपाल सरकारलाई हानी नोक्सानी गरेको भन्ने आरोपदावी कानून सम्मत रहेको देखिदा कानूनी प्रश्नको माथी उल्लेखित आधार कारणबाट निरोपण भएको हुँदा आरोपदावीको विषयमा प्रवेश गरी आरोपदावी बमोजिम प्रतिवादीहरुलाई कसूर कायम गरी सजाय गर्न।<br><br>ग. नेपालको संविधानको धारा १३३ को भावना र मर्म अनुसार पनि स्थानिय तहले कानून बनाउदा संघिय संसदले बनाएको कानून र प्रदेश सभाले बनाएको कानूनको प्रतिकूल नहुने गरी बनाउनु पर्ने भन्ने स्पष्ट देखिएको अवस्थामा सो संवैधानिक व्यवस्थाको प्रतिकूल स्थानिय तहको करको दर तोक्ने र जारी गर्ने अधिकार निर्वाचित प्रतिनिधीमा रहने भन्ने निर्णायाधारलिई भएको फैसला त्रुटीपूर्ण रहेको। |